

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार २७ गते बुधबार ❑ 12 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मनाङ एयरको हेलिकप्टर दुर्घटना

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

मनाङ एयरको हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका सबै जनाको शव काठमाडौं ल्याइएको छ।

त्रिभुवन विमानस्थल कार्यालयका महाप्रवन्धक प्रतापबाबु तिवारीका अनुसार शव काठमाडौं शिक्षण अस्पतालमा लगिएको छ। सुरुमा ४ जनाको शव ल्याइएको थियो । दोस्रो हेलिकप्टरमा दुई शवसहित ६ जनाकै शव काठमाडौं ल्याइएको छ।



मंगलबार बिहान भएको हेलिकप्टर दुर्घटनामा एक चालक र ५ जना यात्रुको मृत्यु भएको छ। यात्रु सबै मेक्सिकन नागरिक हुन्। उनीहरु माउन्टेन फ्लाइटका लागि खुम्बु क्षेत्रमा पुगेका थिए।

दुर्घटनास्थल सोलुखुम्बुको लिखुपिके र रामेछापको उमाकुण्ड गाउँपालिकाको सिमानामा पर्छ । सोलुखुम्बुको सुर्केबाट मंगलबार बिहान ९ बजेर ५२ मिनेटमा काठमाडौँका लागि उडेको कल साइन ९ एनए-एमभी कलसाईन भएको हेलिकोप्टर बिहान १० बजेर १ मिनेटपछि टावरसँग सम्पर्कविहीन भएको थियो।

सरकारले मनाङ एयरको हेलिकप्टर दुर्घटनाबारे छानबिन गर्ने समिति गठन गरेको छ। सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले घटनाप्रति

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पार्टीभित्र मित्रता, एकता र पारस्परिक सम्बन्ध आवश्यक छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २६ असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र आपसी मित्रता, एकता र पारस्परिक सम्बन्ध आवश्यक रहेको बताउनुभएको छ । ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा एमाले बागमती सङ्गठन कमिटीको सातौं बैठकलाई मंगलबार सम्बोधन गर्दै उहाँले आपसी मित्रता, एकता र पारस्परिक सम्बन्धले नै पार्टी बलियो हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले पार्टीभित्र अन्तरद्वन्द्व मच्चाएर, असमझदारी चर्काएर, गुटबन्दी गरेर चुनाव जितिन्छ भन्ने कुरा नसोच्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो।

"समझदारी तरिकाले काम गर्यो । अगाडि बढ्यो भने मात्र हामी सफल हुन सक्दछौँ", उहाँले भन्नुभयो, "पार्टीमा अनेक सेन्टिमेन्ट ल्याएर, पार्टीको नीति पक्षमा नउभिएर कहीँ पुगिन्छ भन्ने होइन। कहीँ पुग्नका लागि हामीले सङ्घर्ष गर्नुपर्दछ ।" पार्टीमा काम गरिरहेको सक्रिय

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## GLOBAL COLLEGIATE SCHOOL
**Ranipauwa, Pokhara**

### Admission Notice

Global Collegiate School announces admission open for class XI in **Science and Management** for the academic year 2080/081.

**Entrance Programme Schedule**

| Stream → | | Science (Day) | Management (Morning & Day) |
|---|---|---|---|
| Form submission deadline | | 29th Asar, 2080 (by 4:00 pm) | 28th Asar, 2080 (by 4:00 pm) |
| Entrance Test | Date | 30th Asar, 2080 | 29th Asar, 2080 |
| | Time | 11:00am | 02:00pm |



**Minimum requirement :** At least GPA 2.8 for science and GPA 2.4 for management in SEE.

- For entrance application and further detail, please contact school office between 7am.- 4 pm.
- Optional Computer Science is available for both science and management stream.

**Principal**
**Global Collegiate School**
Ranipauwa, Pokhara
Contact No.: 061-574604, 577813, 585817
website : globalcollegiate.edu.np






# मेकानिक्सका लागी आँखा परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

पोखरामा रहेका अटो मेकानिक्स परिवारका लागी एकदिने बृहत आँखा परीक्षण शिविर भएको छ।

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन पोखराको आयोजना तथा गण्डकी मेडिकल कलेज, पोखरा उद्योग वाणिज्य संघको सहकार्यमा शिविर गरीएको एशोसिएसनका अध्यक्ष सन्तोष मिश्रले बताए।

स्वास्थ्य सचेतना सहित शिविरको माध्यमले प्रारम्भिक चरण आँखाको समस्या पहिचान गरी समस्या आएको बिरामीलाई थप सहयोग गर्न योजना सहित



शिविरमा ३०० भन्दा बढीको परिक्षण औषधी र चस्मा वितरण गरीएको संयोजक जगनाथ बर्तौलाले बताए। सो शिविरको शुभारम्भ गर्दै पोखरा उद्योग वाणिज्य संघको अध्यक्ष पवन कुमार प्रजापतिले व्यवसायीलाई व्यवसायबाट पलायन हुनबाट रोक्न संघले विउ पुँजी, तालिम सहजीकरणमा सहयोग गर्ने बताए । अटो ल्याण्डको निर्माणका लागी संघले महानगरपालिका संग सहकार्य गर्ने बताए।

एशोसियसनका अध्यक्ष सन्तोष कुमार मिश्रको सभापत्विमा भएको कार्यक्रममा गण्डकी मेडिकल कलेजका प्राचार्य प्रा.डा. रविन्द्र श्रेष्ठ, अटो एशोसियसनका केन्द्रीय उपाध्यक्ष कुल बहादुर नेपाली, संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्की, पूर्व अध्यक्ष सन्त कुमार भट्टराई, सानुमान जलारी, सल्लाहकार कृष्ण बहादुर थापा, सृजना विकास केन्द्रका कोषध्यक्ष कृष्ण प्रसाद बराल, सस्थाका वरिष्ठ उपाध्यक्ष योगेन्द्र राज भण्डारी, महासचिव विष्णु प्रसाद अधिकारी लगाएतले आ आफ्नो धारणा राखेका थिए।

एशोसिएसनले वार्षिक रुपमा सामाजिक कार्यहरु सहित; स्वास्थ्य शिविरहरु, तालिम, शिप विकासका कार्यहरु गर्दै आएको कार्यालय प्रमुख पार्वती बरालले बताइन्।

# जोखिम मोलेर खेती गर्न बाध्य छन् बिरुवाफाँटका कृषक

**पोखरापत्र संवाददाता**
गण्डकी, २६ असार

"रोपाइँका लागि हातेट्र्याक्टरले हिलो सम्याउँदै थिए । कोदालीले छेउकुनाको माटो तान्दै गर्दा अचानक पैतालामा केही वस्तुले कोपेपछि हिलोमै लडेँ ।" यो दुःखेसो हो पोखरा महानगरपालिका वडा नं १७ महतगौडाको झौरीखेतमा धान रोपाइँका लागि खेतको तयारीमा जुट्ने क्रममा घाइते भएका ५७ वर्षीय कृषक राजु भण्डारीको।

दिनभरिको हिलो र पानी खेल्ने क्रममा नरम भएको पैतालामा जोखिमयुक्त फलामे वस्तु गढेपछि दुःखाइ सहन नसकेर उहाँ हिलोमा लड्नुभएको हो। भित्रसम्म गढेको उक्त वस्तु निकाल्न बल प्रयोग गर्नुपरेको जनाउँदै घाइते भण्डारी भन्नुभयो, "टिटानसको सुई लगाएर अहिले औषधि खाँदै घरमै आराम गरेको १५ दिन भयो ।"यस्तै भोगाइ छ कृषक ऋषिराम भण्डारीको । उहाँले भन्नुभयो," बिरुवाफाँटको पिपलतरामा खेत रोप्ने क्रममा अचानक खुट्टाको पैतालामा चसक्क गर्‍यो हेर्दा सिसा गढेको रहेछ। उपचारमा खर्च पनि भयो, निको हुन समयसमेत निकै लाग्यो । फेवा सिँचाइ नहरमा पानीसँगै पृथ्वीमा उत्पादन भएका सम्पूर्ण वस्तु बगेर आउने गरेकाले कतिखेर के हुन्छ भन्नै सकिँदैन।" "अरुले गरेको गल्तीको सजाय कृषकले भोग्नुपर्ने यो कस्तो विडम्बना हो", उहाँले थप्नुभयो, "मानव स्वास्थ्य र उत्पादनमा समेत असर गर्ने फोहर व्यवस्थापनाका लागि महानगरपालिकाले बेलैमा सोच्नु पर्दछ।" फोहरको जोखिमसँगै पछिल्ला केही वर्ष फाँटमा तालबाट फेवा नहरमा बगेर आएको जलकुम्भी झारले समेत दुःख दिने गरेको छ । खेतमा पसेको झार निकाल्दा दुई दिनसम्म शरीर चिउने गरेको उहाँको भनाइ छ।

जलकुम्भी झारसँगै आउने फोहरले धानखेतीलाई समेत पुरेर क्षति पुर्‍याउने गरेको छ । यी कृषकहरू प्रतिनिधि पात्रमात्र हुन् पोखरा र आसपासमा बचेखुचेका फाँटमा काम गर्ने कृषक वा कृषि मजदुरको हात तथा खुट्टामा चोट नलागेको भेट्न पाइँदैन । बिहान खाना खाएर काममा गएका मजदुर घाइते भएर अस्पतालसम्म पुग्ने गरेका छन् । धानखेती गर्दा मात्र होइन, पशुको लागि घाँस काट्दासमेत घाइते हुनुपरेको कृषकको भनाइ छ। पोखरा बजारको ढल विरौटामा आएर बिरुवा फाँटको सिँचाइ फेवा नहरमा सिधैं जोडिएका कारण नालामा बगेर आउने फोहरसँगै जोखिमयुक्त विषाक्त वस्तु फाँटमा आउने गर्दा कङ्क्रिट बस्तीको बीचको खाली जग्गा यतिखेर डम्पिङसाइटमा परिणत हुँदै गएकामा यस क्षेत्रका बासिन्दा चिन्तित बनेको छन्।

पोखरा महानगरपालिका-१७ वडाध्यक्ष राधिका शाही योगीका अनुसार पोखराका मुख्य बजारका फोहर यस वडामा आउने गरेको बताउँदै नियन्त्रणका लागि जनचेतना अभिवृद्धिमा जोड दिँदै आएको छ । "महानगरले फोहर वर्गीकरणलाई पहिलो प्राथमिकता दिँदै आएको छ", उहाँले भन्नुभयो, "सचेत नगरवासीले कुहिने र नकुहिने फोहर छुट्याएर तल्लो भागमा हुने जोखिम न्यूनीकरणमा सहयोग गर्नु अपरिहार्य छ।" जोखिमयुक्त क्षेत्रमा गमबुट, पञ्जालगायतका सुरक्षा सामग्रीको प्रयोग गर्न कृषक वर्गलाई अनुरोध गर्दै उहाँले पोखेलीले फोहरको उचित व्यवस्थापन गर्न सकेमात्र पनि कृषक सुरक्षित तवरले कृषि पेसामा लाग्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

विशेषगरी लागु पदार्थका दुर्व्यसनी लुकीछिपी बस्ने र प्रयोग गरेका सिरिन्ज जथाभावी फालिदिँदा वातावरणसँगै मानवीय स्वास्थ्यमा समेत गम्भीर समस्या सिर्जना हुने गरेको उहाँको भनाइ छ। "खेतका प्रत्येक गरामा होस् वा बाटोमा फोहरसँगै फलामका टुक्रा, तार, सिरिन्ज, फुटेका सिसाका टुक्रा, बोत्तलले भरिएका छन्", उहाँले भन्नुभयो, "जोखिम बढेसँगै खेतमा धान रोप्नभन्दा बाँझै राख्न किसान बाध्य छन् ।" धानमध्येको अव्बल मानिने जेठोबूढो झुल्ने पोखराका अधिकांश फाँट यतिखेर खुम्चिँदै गएका छन् भने नहरमा आउने फोहरको व्यवस्थापन नहुँदा खेतमा काम गर्ने अधिकांश कृषकमा थप जोखिम बढेको स्थानीय बताउँदछन्।

## पार्टीभित्र...

मान्छेलाई उमेरले नछेक्ने भन्दै अध्यक्ष ओलीले शरीरले काम गर्नलाई बाधा नभएसम्म पार्टी कमिटीमा रहेर काम गर्न आग्रह गर्नुभयो। "पार्टीमा काम गरिरहेको मान्छे ७० वर्ष पुग्यो भनेर कमिटीमा बस्न नपाउने हुन्छ ? स्वस्थ भएका मान्छे ७० वर्ष भनेको के को उमेर हो र ? म दुई पटक मिर्गौला प्रत्यारोपण गरेको मान्छे १८ घण्टा काम गरिरहेको छु", उहाँले भन्नुभयो, "उमेर पुग्यो त्यसकारण कमिटीमा बस्न हुँदैन भन्ने कुरा मान्छेलाई शिथिल, निस्क्रिय बनाउने तरिका हो।"

उहाँले उमेर कुनै वैज्ञानिक कुरा नभएको भन्दै विश्वको कुनै पनि देशका पार्टीले उमेर हदबन्दी नराखेको उल्लेखगर्नुभयो।अध्यक्षओलीले राजनीतिक गर्नका लागि उमेरको हदबन्दी कुरा गर्नुभन्दा मुलुक बनाउने नीति नियममा बनाउनु राम्रो भएको भनाइ राख्नुभयो।

उहाँले जनता अहिले पनि परिवर्तन, न्याय र सुशासनको पक्षमा रहेको भन्दै आफूले जनताको भावनालाई समेट्न नसकेको बताउनुभयो । अध्यक्ष ओलीले सिङ्गै समाज समेटिएको एमाले परिपक्क पार्टी भएको बताउनुभयो।

उत्साह र आत्मविश्वासका साथ काम गर्न नेता तथा कार्यकतालाई आग्रह गर्दै उहाँले मिसन २०८४ मा हरेक वडामा ५१ प्रतिशतभन्दा माथि मत ल्याउनुपर्ने बताउनुभयो।

# भानु जयन्तीका अवसरमा सार्वजनिक बिदा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

भानु जयन्तीका अवसरमा गण्डकी प्रदेश सरकारले बिदा दिएको छ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट मंगलबार सार्वजनिक सूचनामा यही असार २९ गते भानुजयन्तीका अवसरमा बिदा दिने जनाइएको छ।

उपसचिव सुरणप्रसाद शर्मा पौडेलद्वारा हस्ताक्षरित सूचनामा "गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को २०७९ चैत ८ गतेको निर्णयअनुसार प्रदेश राजपत्रमा प्रकाशित सार्वजनिक बिदासम्बन्धी २०८० असार २९ गते शुक्रबार भानु जयन्तीका अवसरमा गण्डकी प्रदेशका सबै सरकारी निकाय, शैक्षिक संस्था र सार्वजनिक संस्थामा सार्वजनिक बिदा रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ", भनिएको छ।

# भ्रष्टाचारको छानबिन हुनुपर्छ : पूर्वप्रधानमन्त्री नेपाल

**रासस**
काठमाडौं, २६ असार

पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपालले सरकारी जग्गामा अनियमितता गर्ने छानबिन गरिनुपर्ने बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाले यहाँ आयोजना गरेको पत्रकार भेटघाटमा पूर्वप्रधानमन्त्री नेपालले ललिता निवास जग्गा प्रकरणलगायत सरकारी जग्गामा भ्रष्टाचारसँग जोडिएका कसैलाई पनि उन्मुक्ति दिन नहुने स्पष्ट पार्नुभयो। ललिता निवास जग्गा प्रकरणमा जोसुकै दोषी देखिए पनि कारबाही हुनुपर्ने बताउनुहुँदै उहाँले आफूलगायत पूर्वप्रधानमन्त्री धेरैको नाम जोडिएकाले सत्यतथ्य छानबिन गरी बाहिर ल्याउनुपर्ने बताउनुभयो। आफू प्रधानमन्त्री हुँदा सरकारी तथा अन्य जग्गा कानुनसम्मत् छुट्टाएर अगाडि बढाउनु भन्ने निर्णय भएको उहाँको भनाइ थियो। सरकारी जग्गा हिनामिना प्रकरणमा जसले कसुर गरेको छ, उसले दण्ड पाउनुपर्ने उहाँको भनाइ छ।

भ्रष्टाचारमा जोडिएका दोषी कोही पनि उम्कनु नहुने भन्दै उहाँले जग्गा अनियमितता र भ्रष्टाचारका विषयमा आफ्नो पार्टीले सरकारलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पूर्वप्रधानमन्त्री नेपालले वर्तमान सरकार पाँच वर्षसम्म बलियो भएर अघि बढ्ने समेत दाबी गर्नुभयो। उहाँले वर्तमान सरकारलाई टिकाइराख्नका लागि गठबन्धन दलभित्र छलफल चलिरहेको समेत बताउनुभयो।

# नेपाली महिला फुटबल टोली बङ्गलादेश प्रस्थान

**रासस**
काठमाडौं, २६ असार

नेपाली राष्ट्रिय महिला फुटबल टोली बङ्गलादेशसँगको दुई मैत्रीपूर्ण खेलका लागि मंगलबार त्यसतर्फ प्रस्थान गरेको छ।

यही असार २८ र ३१ गते हुने दुई मैत्रीपूर्ण खेलका लागि ३१ सदस्यीय नेपाली टोली आज बङ्गलादेश प्रस्थान गरेको हो । नेपालले यस मैत्रीपूर्ण खेललाई चीनको होङझाउमा आयोजना हुने एसियाली खेलकुद प्रतियोगिताको तयारीका रूपमा लिएको छ । सहभागी नेपाली महिला फुटबल टोलीको गोलकिपरमा एन्जिला तुम्बापो सुब्बा, अन्जना राना मगर र उषा नाथ रहेका छन् । त्यस्तै डिफेन्डरमा अमृता जैसी, गीता राना, हिराकुमारी भुजेल, पूजा राना, विमला विक, निशा थोकर, समीक्षा घिमिरे र अञ्जली वाइवा छन् । मिडफिल्डरमा रेनुका नगरकोटी, सरु लिम्बू, विमला चौधरी, अनिता बस्नेत, प्रिति राई र दीपा शाही छन् भने फरवार्डमा सावित्रा भण्डारी, अनिता केसी, सविता राना मगर, रश्मीकुमारी घिसिङ, अमिषा कार्की र रेखा पौडेल छन्। मुख्य प्रशिक्षकमा अनन्तराज थापा र सहायक प्रशिक्षकमा पारस चौधरी र गोलकिपर प्रशिक्षकमा सुरजकुमार लामा छन्।

## मनाङ...

दुःख व्यक्त गर्दै छानबिन समिति गठन गरेको हो। मन्त्रिपरिषद्ले संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा छानबिन समिति गठन गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो।

सरकारका प्रवक्ता शर्माले भन्नुभयो, "मेक्सिकोका नागरिकहरूबोकेकोमनाङएयरको हेलिकप्टर दुर्घटना भएको छ, मन्त्रिपरिषद्ले सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ, पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा एउटा छानबिन समिति गठन गरिएको छ।"

# प्रधानमन्त्री कप भलिबलमा नेपाल पुलिस विजयी

**रासस**
काठमाडौं, २६ असार


विभागीय टोली नेपाल पुलिस क्लबले सातौँ प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय भलिबल क्लब च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फको खेलमा लगातार तेस्रो जित दर्ता गराएको छ । त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आज भएको खेलमा पुलिसले दावाली मिलन क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै प्रतियोगितामा लगातार तेस्रो जित दर्ता गराएको हो । पुलिसले पहिलो खेलमा गण्डकी प्रदेशलाई पराजित गरेको थियो भने दोस्रो खेलमा सैलुङ बागढुङ्गा क्लबलाई हराएको थियो । खेलमा पुलिसले दावाली मिलन क्लबमाथि खेलको पहिलो सेट २५-२१, दोस्रो सेट २५-१९ तथा खेलको तेस्रो तथा अन्तिम सेट २५-१७ ले पराजित गर्‍यो । यस जितसँग पुलिसले ३ खेलमा ८ अङ्क जोडेको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# असुरक्षित हेलिकप्टर सेवा

मनाङ एयरको '९-एन-एमभी' हेलिकप्टर दुर्घटना हुँदा पाँच पर्यटक र पाइलटसहित ६ जनाकै मृत्यु भएको छ । मंगलबार सोलुखुम्बुको लुक्लास्थित सुर्केबाट बिहान १० बजेर १३ मिनेटमा काठमाडौँका लागि उडेको विमान दुर्घटना भएको थियो । दुर्घटनाका क्रममा ५ जना मेक्सिकन नागरिकसहित पाइलट चेतबहादुर (सीबी) गुरुङको समेत मृत्यु भएको छ । ४४ वर्षको अवधिमा यो ३८औं दुर्घटना हो । यसअघि, सन् १९७९ (२०३६ साल) मा पहिलोपटक नेपाली आकाशमा दुर्घटना भएको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार नेपालमा पहिलो दुर्घटना नै उच्चस्तरीय टोली (भीभीआईपी) सवार हेलिकप्टर दुर्घटनामा परेको थियो । २०३६ साल पुस १२ गते भएको पहिलो हेलिकप्टर दुर्घटनामा ६ जनाको मृत्यु भएको थियो ।

काठमाडौँबाट लाङटाङ उडान भरेको हेलिकप्टर दुर्घटना भएयता आजसम्म ३८ दुर्घटना भइसकेका छन् । र, ती दुर्घटनामा ९२ जनाको मृत्यु भएको छ । ३८ वटा दुर्घटनामध्ये १९ वटा दुर्घटनामा मानवीय क्षति भएको छ ।नेपालको आकाश समेत असुरक्षित हुन थालेको छापटकपटक भइरहने दुर्घटनाका कारण पर्यटन क्षेत्रमा नकारात्मक असर परेको छा युरोपियन युनियनको कालोसूचीबाट हटाउन पहल गर्नुपर्ने बेला दुर्घटना हुँदा कालोसूचीमा कायमै रहने संभावना बढेको छाजुन नेपालका लागि दुर्भाग्य हो । यो वर्ष २०८० सालमै दुई वटा ठूलो हेलिकप्टर दुर्घटना भएका छन् । यसअघि, यही वर्षको वैशाख २१ गते शंखुवासभामा सिम्रिक एयरको हेलिकप्टर दुर्घटना भएको थियो । जलविद्युत आयोजनाको सामान ओसार्ने क्रममा भएको उक्त दुर्घटनामा परेर १ जनाको मृत्यु भएको थियो भने बाँकी ४ जना घाइते भएका थिए । हेलिकप्टर दुर्घटनाको सिलसिला सुरु भएको करिब आधा दशक भइसके पनि पछिल्लो दुई दशकमा भने ह्वात्तै बढेको तथ्याङ्कले देखाएको छ ।

सन् २००१ देखि २०२३ सम्मको अवधिमा मात्रै २९ वटा हेलिकप्टर दुर्घटना भएका छन् । उक्त मिति अघिसम्म जम्मा ९ वटा हेलिकप्टर दुर्घटना भएकोमा त्यसयता ह्वात्तै बढेको तथ्याङ्कले देखाउँछ । सन् २००० अघि भएका ९ वटा दुर्घटनामा जम्मा १० जनाको मृत्यु भएको थियो । त्यस यताको दुर्घटनामा भने ८२ जनाले ज्यान गुमाइसकेका छन् । यस्तै, सन् २००० अघि जम्मा ३ वटा दुर्घटनामा मानवीय क्षति भएको थियो । जबकि, सन् २००० यताका २९ मध्ये १६ दुर्घटनामा मानवीय क्षति भएको छ । जति खुकुलो हुँदै गयो त्यति दुर्घटना हुँदा नियामक निकायको भूमिकालाई लिएर प्रश्न उठ्ने तर कोही पनि जवाफदेही हुनुपरेको छैन । सामान्यतया हेलिकप्टरमा सीमित यात्रु सवार हुन्छन् । तर, नेपालको इतिहासमा २ पटक ठूला हेलिकप्टर दुर्घटना भएका छन् । जसमा एकैपटक २४ जना यात्रुको मृत्यु भएको थियो । प्राधिकरणको तथ्याङ्कअनुसार सन् २००६ मा उडान भरेको श्री एयरलायन्सको ९एन-एएचजे हेलिकप्टरमा सवार २४ जनाको मृत्यु भएको थियो । त्यसै गरी, सन् २००२ मा भएको एसियन एयरलाइन्सको हेलिकप्टरमा सवार ११ जनाकै मृत्यु भएको प्राधिकरणको तथ्याङ्कले देखाउँछ ।

२०८० मा जस्तै सन् २०७९ मा समेत दुई हेलिकप्टर दुर्घटनामा परेका थिए । तर, सामान्य भएकाले प्राधिकरणले आफ्नो दुर्घटनाको सूचीमा समेटेको छैन । २०७९ चैत २५ गते काठमाडौँको ह्याम अस्पतालमा एयर डाइनेस्टीको हेलिकप्टर सामान्य दुर्घटनामा परेको थियो । यस्तै, २०७९ चैत २६ गते नै धौलागिरी बेसक्याम्प नजिक एभरेष्ट एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो । यी दुई दुर्घटनाजस्तै अन्य सामान्य दुर्घटना भने सूचीमा समेटिएको छैन । प्राधिकरणका अनुसार सवार यात्रुको मृत्यु भएको र हेलिकप्टर पुनः उडान भर्न नमिल्ने अवस्थामा पुगेका दुर्घटना मात्रै सूचीमा समेटिएका छन् । यहीकारण, पछिल्ला दुई दुर्घटनालाई दुर्घटनाको सूचीमा राखिएको छैन। जब दुर्घटना हुन्छ तब चिन्ता जाहेर गर्ने गरिन्छ । ९ दिनमा नौलो बन्ने २० दिनमा विर्सने नेपालीको बानी नै परेका छ ।

सरकारले मनाङ एयरको हेलिकप्टर दुर्घटनाबारे छानबिन गर्न समिति गठन गरेको छ । मंगलबार अपराह्न सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले सो घटनाबारे दुःख व्यक्त गर्दै पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको नेतृत्वमा छानबिन समिति गठन गरेको छासरकारले दुर्घटना हुने बित्तिकै छानबिन समिति गठन गर्ने कर्मकाण्ड जस्तै हो । जस्को रिपोर्ट डष्टविनमा फाल्ने गरिएको छाखर्च बढाउने र समय कटाउने कामको कुनै अर्थ छैन । जथाभावी अनुमति दिने नियमन नगर्ने श्रृङखला चल्दै आएको छाकेही सुधार आउने अवस्था पनि छैन ।नेपालको पर्यटन क्षेत्रमा नकारात्मक असर पुऱ्याउने काम रोक्न नियमन गरि दिए हुन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।


# जेसिबीको ठक्करबाट बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ असार

बागलुङ जिल्लाको बडिगाडमा सडक खन्ने क्रममा जेसिबीको ठक्करबाट बालकको मृत्यु भएको छ ।

बडिगाड गाउँपालिका-७ भत्रेनीबाट सोइरेनीसम्मको कच्ची सडक खन्ने क्रममा जेसिबीको ठक्करबाट स्थानीय भानबहादुर घर्तीको १४ छोरा वर्षीय सुनिलको सोमबार साँझ मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिनुभयो । जेसिबी चालकलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान थालेको जनाइएको छ ।

# सकियो 'नेपाल अफ्रिका चलचित्र महोत्सव'

**रासस**
काठमाडौं, २६ असार

'नेपाल अफ्रिका चलचित्र महोत्सव २०२३' सम्पन्न भएको छ । गत शनिबारदेखि जमलस्थित नाचघरमा सुरू भएको महोत्सवमा चलचित्रको विधातर्फ 'प्रकाश' (नेपाल) र 'द ट्रेन अफ साल्ट एण्ड सुगर' (अफ्रिका) उत्कृष्ट घोषित भए । अफ्रिकी प्रतिस्पर्धातर्फ छोटो चलचित्र 'या' बाट इसी ह्यामोहले निर्णायक अवार्ड, वृत्तचित्र विधामा जिम्बाब्वेको 'कलिङ द डेड' उत्कृष्ट घोषित भए ।

नेपाली प्रतिस्पर्धातर्फ विकास सुवेदी पटकथा लेखक (प्रकाश), सङ्गीतकार एलिश कार्कीले (मान्छे मान्छे-प्रकाश), अभिनेता तेज गिरी (प्रेमगञ्ज), अभिनेत्री नीता ढुङ्गाना (भाग्य), निर्देशक रोशनकुमार श्रेष्ठ (भाग्य) ले अवार्ड जित्नुभयो । महोत्सवमा १० अफ्रिकी र नेपालका १२ सहित कूल २२ चलचित्र सहभागी थिए ।

कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेशनको आयोजना र चलचित्र विकास बोर्ड तथा विलक्षण क्रिएसनको सहआयोजना रहेको कार्यक्रमले नेपाल र अफ्रिकाको संस्कृति आदानप्रदान गर्न टेवा पुऱ्याएको महोत्सवका अध्यक्ष मञ्जु मिश्रले बताउनुभयो । महोत्सवमा एक दिवसीय अभिनय कार्यशालाका साथै 'नेपाली लघु चलचित्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार' शीर्षकमा छलफलसमेत भएको महोत्सवका निर्देशक डब्बु क्षत्रीले जानकारी दिनुभयो ।


## अधिकृत बारेसनामा बदर गरिएको

**स्याङ्जा जिल्ला आँधीखोला गा.पा. घर भैई हाल कास्की जिल्ला पो.म.न.पा. वडा नं. ८ बस्ने दर बहादुर गुरुङका नाति चन्द्रबहादुर गुरुङको छोरा वर्ष ४६ का नारायणप्रसाद गुरुङ आगे मैले मेरा नाममा जग्गा धनी प्रमाण पुर्जा भएको झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं.७ को कि.नं. २०६४७ क्षे.फ. ४७४०.९५ व.मी. धनहर/ खेत कित्ता-१ जग्गा राजीनामा बिक्री वितरण गर्नको लागि काठमाडौं जिल्ला काठमाडौं म.न.पा.बस्ने चक्रबहादुर राईको नाती शम्भु राईको छोरा वर्ष ४४ का संयोग राईलाई कास्की जिल्ला अदालतबाट मिति २०८० साल जेठ ४ गते अधिकृत बारेसनामा जारी दिएकोमा सो जग्गा हाल मैले बिक्री वितरण नगर्ने भएकोले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ को (१) (ग) अनुसार बदर गरिएको छ ।**



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/२६

यस कार्यालयबाट मिति २१६५९/०७८/०७९ मा कास्की जिल्ला पोखरा ३० कास्कीमा संचालन गर्ने गरि पोखरा ३० कास्की निवासी कल्पना क्षेत्रीको नाममा दर्ता भएको उद्योग दर्ता नं. २१६५९/०७८/०७९(५२४६) को सुयोग सगुन खाजा घर नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/२६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**


# नदी कटान नियन्त्रणका लागि तटबन्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ असार

म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा कटान र पहिरो नियन्त्रण गर्न तटबन्ध र पक्की पर्खाल निर्माण गरिएको छ ।

सरस्वती मावि रहेको फापरखेत, मसार र उपल्लो तातोपानी बजारमा म्याग्दी नदीको कटान र पहिरो रोकथामका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गतको नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण र बृहत् जलाधार आयोजनाको सहयोगमा संरचना निर्माण भएको हो ।

उपभोक्ता समितिका अध्यक्ष कुमार केसीले सरस्वती मावि पछाडिको पहिरो र कटान रोकथामका लागि तीन तहको पक्की पर्खालका साथै तातोपानी बजार र प्राकृतिक तातोपानी कुण्ड संरक्षण गर्न ग्याबियन पर्खाल निर्माण भएको जानकारी दिनुभयो । "तातोपानी बजारमा नदी र पहिरो नियन्त्रण गर्न यस वर्ष रु ९५ लाख बराबरको काम भएको छ", उहाँले भन्नुभयो, "पहिलो चरणमा प्राप्त रु ५० लाख अनुदानबाट सरस्वती मावि पछाडि म्याग्दी नदी किनारमा ५०-५० मिटर लामो र चार मिटर अग्लो रिटेनिङ पर्खाल लगाइएको थियो । असार महिनामा आएको रु ३५ लाख बजेटबाट यसअघि बनाइएको पर्खालमाथि पहिरो रोकथामका लागि थप ४९ मिटर लामो र चार मिटर अग्लो पर्खाल बनाउने काम सकिएको छ ।"

मसार क्षेत्रमा पर्खाल लगाउने तयारी गरिए पनि असार लागिसकेको र म्याग्दी नदीमा पानीको सतह बढेकाले त्यहाँ काम गर्न नसकिने भएपछि पहिरो रोकथाम गर्न थप पर्खाल बनाएको केसीले बताउनुभयो । यसैगरी बृहत् जलाधार आयोजना कास्कीको रु १० लाख सहयोगमा तातोपानी बजार तथा कुण्ड संरक्षणका लागि म्याग्दी नदी किनारमा ६२ मिटर लामो ग्याबियन पर्खाल निर्माण गरिएको छ ।

विसं २०७८ मा म्याग्दी नदीमा आएको बाढीले फापरखेत र मसारमा कटान गरेको थियो । मसारमा दुईवटा घर भत्किएका थिए । फापरखेतमा रहेको सरस्वती मावि, ज्वालामाई आमा समूहको भवन र मसारको १७ घर नदी कटानको जोखिममा छन् । एकासी घरधुरीको बसोबास रहेको उपल्लो तातोपानी बजार पनि म्याग्दी नदीको कटानको जोखिममा छ ।

तातोपानी र मसारमा कटान नियन्त्रणका गण्डकी प्रदेश सरकारमार्फत आगामी आर्थिक वर्ष २०८०/८१ का लागि रु ३५ लाख विनियोजन भएको गण्डकी प्रदेश सभासदस्य हरिबहादुर भण्डारीले जानकारी दिनुभयो ।

# गोरखामा ९० हजार बिरुवा निःशुल्क वितरण गरिँदै

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असार

डिभिजन वन कार्यालय गोरखाले विभिन्न प्रजातिका ९० हजारभन्दा बढी बिरुवा निःशुल्क वितरण गर्न सुरुआत गरेको छ ।

कार्यालयसहित सबडिभिजनमार्फत नर्सरीमा उत्पादन गरिएका बिरुवा जिल्ला भित्र वृक्षरोपणका कार्य बढाउने योजनासहित निःशुल्क वितरण गर्न सुरु गरेको कार्यालय प्रमुख अशोककुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यालयले काष्ठजन्य, मसलाजन्य, खयर, बकाइनो, चिउरीलगायतका बिरुवा उत्पादन गरी वितरण गर्दै आएको उहाँले बताउनुभयो । "हामीले तीन ठाउँका नर्सरीमा बिरुवा उत्पादन गरेका छौँ", उहाँले भन्नुभयो, "गोरखा नगरपालिकाको तीन किलो, गण्डकी सबडिभिजन वन कार्यालय सिउरेनटर र पालुङटार सबडिभिजन कार्यालयअन्तर्गतका नर्सरीमा उन्नत जातका बिरुवा उत्पादन गरिएको हो ।"

विशेष गरेर कवुलियती वन, सामुदायिक वनमा रहेका बाँझो जमिनमा बिरुवा लगेर वृक्षरोपण गर्न उपभोक्ता समिति र समुदायलाई प्रोत्साहन गर्नका लागि निःशुल्क बिरुवा उत्पादन गरी वितरण गर्दै आएको प्रमुख श्रेष्ठले बताउनुभयो । "तीनवटा नर्सरीमध्ये पायकपर्ने ठाउँमा पुगेर प्रक्रिया पूरा गरी बिरुवा लैजाने व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो, "अधिकाशं ठाउँका उपभोक्ता समिति तथा समुदायले धेरै बिरुवा लगेर पनि वृक्षरोपण गरिसकेका छन्, केही ठाउँमा अझै लैजाने क्रम चलिरहेको छ ।" यसले समुदायस्तरमा आयआर्जन वृद्धि गर्नसमेत मद्दत पुग्ने उहाँको भनाइ छ । कार्यालयले घाँसका लागि राइखन्यु, निमारो, टाँकी, बर्रो, काभ्रो र पाखुरीलगायतका डालेघाँसका बिरुवा उत्पादन गरेको छ । त्यस्तै सौन्दर्यवर्द्धक कल्की, कपुर, म्यान्गुइष्टिक, वीरेन्द्रफूल, कपुर, धुपी, परिजात, श्रीखण्ड, अष्ट्रेलियन बबूल, गोलमोहरलगायतका बिरुवा पनि नर्सरीमा उत्पादन गरी वितरण गरिरहेको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । त्यसबाहेक फलफूलका अम्बा, इमिली, निबुवा, लप्सी, अमला, कटहर जडीबुटीजन्य तेजपात, टिमुर, सर्पगन्दा, नीम, कुरिलो, कडिपत्तालगायतका बिरुवा पनि नर्सरीबाट उत्पादन गरी वितरण भइरहेको उहाँले बताउनुभयो । डिभिजन वन कार्यालय गोरखाले हरेक वर्षजसो नर्सरीमार्फत बिरुवा उत्पादन गरी समुदायलाई वितरण गर्दै आएको छ ।


## विमालेख हरायो

हिमालयन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएका निम्न लिखित विमा लेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

| क्र.सं. | नाम | विमालेख नं. |
|---|---|---|
| १) | राम नारायण श्रेष्ठ | ०६१००१०१७७ |

सम्पर्क
**हिमालयन लाइफ इन्स्योरेन्स कं.लि.**



## एउटै व्यक्ति भएको सुचना

पर्वत जिल्ला साविक भंगरा गा.वि.स. वडा नं. ७ हाल फलेवास नगर पालिका वडा नं ९ भंगरा बस्ने भारतीय सेनाका १/५ जि.आर, जे.सी ९४१७४ का प्रेम बहादुर गुरुङको पत्नी आसादेवी गुरुङको नागरिकता प्रमाण पत्रमा नाम आसादेवी गुरुङ, जन्म मिति २००१/१०/०१ भएको र निजका पतिले भारतीय सेनामा नोकरी गरेको अभिलेखमा पत्नीको नाम लेखाउदा आसा देवी, जन्म मिति उल्लेख गर्नुपर्नेमा विवाह गरेको मिति सन् १९६४/०२/११ लेखाउनु भएकोले जन्ममिति फरक भएता पनि यी नामथर भएकी निम्न फोटोको व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित सहित सुचना जारी गरिएको छ ।



प्रेम बहादुर गुरुङ — पति
आसादेवी गुरुङ — पत्नी



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/२६

यस कार्यालयबाट मिति १६१९८/०७६/०७७ मा कास्की जिल्ला पोखरा २६ कास्कीमा संचालन गर्ने गरि पोखरा २६ कास्की निवासी प्रेम बहादुर थापा र पोखरा २६ कास्की निवासी नन्द रानाभाटको नाममा दर्ता भएको उद्योग दर्ता नं. १६१९८/०७६/०७७(१५५२) को सिलिङ्गे साझेदारी पशुपालन तथा कृषि फर्म नामक फर्मको साझेदारहरुले मिति २०८०/०३/२६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# गाउँघरमा देखिन छाडे ढिकी, जाँतो र पानीघट्ट

पोखरापत्र संवाददाता
बागलुङ, २६ असार

डेढ दशक अगाडि बागलुङ निसीखोलाका प्रत्येक गाउँमा पुग्दा पिँढीको एक छेउ ढुङ्गाको जाँतो र अर्को छेउ काठको ढिकी भेटिन्थे। स्थानीयले त्यही ढिकी जाँतोमा कुटानी पिसानी गर्थे। अहिलेको जस्तो ठाउँ-ठाउँमा मिल थिएनन्।

जब यहाँका गाउँमा बिजुलीको पहुँच पुग्यो, तब स्थानीयले हरेक गाउँमा दुई-तीनवटा मिल सञ्चालन गर्न थाले। मिलले कुट्ने र पिस्ने काम गर्न थालेपछि घरका पिँढीमा रहेका ढिकी जाँतोको महत्त्व हराउँदै गयो। अहिले गाउँको कुनै पनि कुनामा ढिकी जाँतो भेट्टाउन सकिन्न। बरु घर-घरमा विद्युतीय मिल भेटिन थालेका छन्।

विद्युत्को पहुँच नहुँदा स्थानीयले कुटानी पिसानीका लागि जाँतो, पानीघट्ट र ढिकीको प्रयोग गर्ने गर्थे। ढिकी जाँतो र पानीघट्ट अन्न पिस्ने परम्परागत प्रविधि हो। गाउँ-गाउँमा बिजुलीमार्फत चल्ने मिल पुगेपछि ढिकी दाँतोको प्रयोग घट्दै जानुका साथै लोप हुँदै गएका छन्। कुनै बेला गाउँलेको कुटानी पिसानी गर्ने प्रमुख माध्यम मानिने ढिकी जाँतो अहिलेका पुस्ताले चिन्नसमेत छोडिसकेका छन्। खोलाको ढुङ्गालाई मिस्त्रीले कलात्मकरूपमा कुँदेर जाँतो बनाउँथे भने काठको टुप्पोमा फलामको काँज लगाई भुइँमा पक्की ढुङ्गाको ओखल बनाई ढिकी बन्थ्यो। ढिकी, जाँतोको विकासपछि पानीघट्ट प्रयोगमा आएको बूढापाकाको भनाइ छ।

पानीघट्ट खोला तथा नदी किनारमा बनाइने गरिन्थ्यो। खोलाकोपानीलाईनहरनिर्माणगरी केही माथिदेखि ठूलो पाइपमार्फत फिर्केसम्म झर्ने गरी बनाइन्थ्यो र पानीले फिर्के घुमाएपछि अन्नपात पिस्ने गर्थ्यो। अहिले यो प्रचलन हराइसकेको छ। यस्ता पानीघट्ट ठाडो खोलामा बनाइने गरेको पाइन्छ। अहिले यदाकदा पहिलेका घट्ट जीर्ण अवस्थामा देखिन्छन्। नयाँ प्रविधिको विकाससँगै मौलिक संस्कृति हराउँदै गएकोप्रति बूढापाका दुःखेसो पोख्छन्। नयाँ पुस्ताले पुराना संस्कृतिको संरक्षण नगर्दा आफूहरूको पालाका ढिकी, जाँतो र ओखल हराउँदै गएको निसीखोला गाउँपालिका-७ का देवबहादुर पुन मगर बताउनुहुन्छ। मिलले मानिसको दैनिक जीवनमा सहजता प्रदान गरे पनि खाद्यान्नमा हुने पौष्टिक तत्व नष्ट हुने उहाँको भनाइ छ। "पहिले-पहिले ढिकी जाँतोमा कुटे, पिसेको आँटो, पिठो र चामलको स्वादै फरक हुन्थ्यो, अहिले मिलले कुटेको पिठो आँटो खायो भने त्यत्ति स्वादिष्ट हुँदैन, मिलले चामल, मकैको बाहिरी बोक्रासँगै त्यसभित्र हुने पौष्टिकतत्व पनि नष्ट गरिदिँदो रैछ", उहाँले भन्नुभयो- "अहिले त खाँदाखाँदै बानी पर्‍यो, पहिले मिलमा पिसेको आटो र चामल खासै मीठो लाग्दैनथ्यो, सजिलोमात्रै खोजेर हुँदैन रैछ, यसले स्वास्थ्यमा कस्तो प्रभाव पारेको छ भन्ने पनि बुझ्नुपर्छ।"

अर्का स्थानीय तिलबहादुर सुनारले अहिले गाउँमा कसैको घरमा पनि ढिकी जाँतो नभएको बताउनुहुन्छ। अहिलेको पुस्ताले ढिकी कुट्न र जाँतो पिस्न गाह्रो मान्ने हुँदा यस्ता परम्परागत सामग्रीको अस्तित्व सङ्कटमा पर्दै गएको उहाँले बताउनुभयो। पहिले आफ्नो परिवार ११ जनाको हुँदा घरमा दुईवटा जाँतो र एउटा ढिकी रहेको स्मरण गर्दै पालैपालो आँटो पिठो पिसेर उपभोग गरेको सुनारले बताउनुहुन्छ।

अहिले मिलले मान्छेलाई अल्छी बनाउनुका साथै रोगीसमेत बनाएको उहाँको भनाइ छ। उहाँका अनुसार पहिले ढिकीमा आँटो, पिठो र सातु पिस्ने गरिन्थ्यो भने ढिकीमा चामल, जौँ र गुन्द्रुक बनाउनका लागि मुला कुट्ने गरिन्थ्यो। खासगरी तिहारको बेला ढिकी जाँतो बढी प्रयोग हुने गरेको हुँदाले बताउनुभयो।

तिहारको बेला ढिकीमा कुटेको चामलको पिठोले टीका लगाउने, दयो बनाउने र नुन कुटेर वस्तुभाउलाई खुवाउने गरेको स्मरण गर्दै अहिले त्यो प्रचलनसमेत हराएको सुनारको भनाइ छ। मिलले कुटानी पिसानीका लागि सहज बनाइदिनुका साथै समयको बचतसमेत भएको स्थानीय ७३ वर्षीया शोभाकुमारी क्षेत्रीले बताउनुभयो।

पहिले पानीघट्ट तथा जाँतोमा आँटो पिठो पिस्ने गाउँलेको घुइँचो लाग्ने गरेको भन्दै अहिले सबै मिलमै कुटानी पिसानीको लागि जाने गरेको बताउनुभयो। पहिले पानीघट्ट सञ्चालन गरेकाहरू अहिले बन्द गरेर बस्न बाध्य भएको उहाँको भनाइ छ। "घट्ट सञ्चालकले मकै, कोदो, गहुँ, फापर पिस्न आउनेहरूबाट थोरै महसुल उठाउने गर्थे, त्यहीबाट घट्ट सञ्चालकले आफ्नो परिवार चलाउने गरेका थिए, अहिले गाउँले कुटानी पिसानीका लागि मिलमा जान्छन्, घट्टमा कोही पनि आउँदैनन्", उहाँले भन्नुभयो, "मिलले ढिकी जाँतो र घट्टले भन्दा छिटो कुट्ने पिस्ने काम गरेर होला, पहिले निकै चलको घट्ट अहिले जीर्ण बनेका छन्।"

# तिलिचो ताल क्षेत्रबाट १५० किलो फोहोर सङ्कलन

–नवीन लामिछाने
मनाङ, २६ असार (रासस)

अन्नपूर्ण पदमार्गअन्तर्गतको तिलिचो तालतर्फ आवतजावत गर्ने क्षेत्रमा सरसफाई गरिएको छ।

फोहोरको मात्रा बढ्दै गएपछि मनाङ डिस्याङ गाउँपालिका-९, खाङ्सारका होटेल व्यवसायी, अन्नपूर्ण संरक्षण क्षेत्र संरक्षण व्यवस्थापन समिति खाङसार, सशस्त्र प्रहरी बल नेपाल पर्वतीय उद्धार तालिम शिक्षालय हुम्दे र स्थानीयको सक्रियतामा फोहोर सङ्कलन गरिएको हो। तालमा आवातजावतका क्रममा पर्यटकले फालेका एक सय ५० किलोग्राम फोहोर सङ्कलन गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना मनाङका प्रमुख लेखनाथ गौतमले जानकारी दिनुभयो।

कोभिड-१९ को संक्रमणपछि पछिल्लो समय यस पदमार्गमा पर्यटक बढेसँगै फोहोरमैलाको हुने क्रम बढेको उहाँको भनाइ छ। "विदेशीले आफैँ बोकेर फर्किन्छन् भने आन्तरिक पर्यटकले बढी फोहोरजन्य पदार्थ फाल्ने गरेको पाइएको छ", गौतमले भन्नुभयो, "ताल जाने बाटोमा विभिन्न स्थानमा डम्पिङ साइट बनाइएको छ, तर फोहोरमैला भने यत्रतत्र फालिएको पाइयो।" पदमार्गमा धेरैजसो चाउचाउ, बिस्कुट, चकलेटका खोल र कोकाकोलाको बोतल भेटिएको उहाँले बताउनुभयो। ती जथाभावी फालिएका फोहोरमैला डम्पिङ साइटमा व्यवस्थापन गरिएको उहाँले बताउनुभयो।

तिलिचो पदमार्गका विभिन्न स्थानमा यत्रतत्र छरिएर रहेका प्लास्टिकजन्य फोहोर संकलन गरिएको पर्यटन व्यवसायी एवं अन्नपूर्ण संरक्षण क्षेत्र संरक्षण व्यवस्थापन समिति खाङसारका सचिव टसी गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त मार्गअन्तर्गत नकुहिने फोहोरमैला मात्रा बढेकोले सरसफाई तथा व्यवस्थापन गरिएको हो। "यस पदमार्गमा पर्यटक बढ्दै जाँदा फोहोर पनि बढेको छ, यहाँको फोहोरमैला संकलन गरी व्यवस्थापन गर्दै आएका छौं", उहाँले भन्नुभयो। विदेशी र स्वदेशी पर्यटकलाई आकर्षित गर्न अन्नपूर्ण पदमार्गअन्तर्गतको तिलिचो ताल क्षेत्रलाई सधैँ स्वच्छ र सफा राख्नु आवश्यक रहेको अध्यक्ष टसीले बताउनुभयो। तीन दिनसम्म चलेको 'पदमार्ग सफाइ' अभियनमार्फत अन्नपूर्ण पदमार्गमा पानी तथा कोकाकोलाका बोतल, चाउचाउ र बिस्कुटका खोल ठूलो मात्रामा भेटिएको थियो। गौतमका अनुसार अन्नपूर्णपदमार्गअन्तर्गत तिलिचो ताल जाने पदैलमार्गको खाङसारदेखि चार हजार नौ सय १९ मिटर उचाईमा रहेको तिलिचो तालको किनारमा सरसफाई गरिएको छ। पछिल्लो समय विश्वकै अग्लो स्थानमा रहेको तिलिचो ताल पदयात्रामा जाने स्वदेशी तथा विदेशी पर्यटकको भिड बढिरहेको छ। प्राकृतिक छटाले भरिएको तिलिचो ताल हिमश्रृङ्ला र निलगिरी हिमालको हिमनदीबाट निर्माण भएको हो।

यस तालबाट अन्नपूर्ण हिमश्रृङ्खलाको मनोरम दृश्यावलोकन गर्नकै लागि यहाँ पर्यटकको भिड लाग्ने गरको छ। मनाङ पुगेका केही पर्यटक तिलिचो तालमा पुग्ने गरेका छन्। कतिपय पर्यटक तिलिचो ताल अवलोकन गरी फर्किएर खाङ्सार, थोराङला पास हुँदै जोमसोम निस्कने गर्दछन्।

लमजुङको सदरमुकाम बैँसीसहरबाट सुरु हुने अन्नपूर्ण पदमार्गको यात्रा मनाङको सदरमुकाम चामे हुँदै थोराङपास गरी मुक्तिनाथको दर्शन, जोमसोम, बेनी अथवा घोरेपानीबाट पोखरा पुग्ने गर्दछन्। पदयात्राका सौखिन पर्यटक पाँच हजार चार सय १६ मिटरको थोराङ भञ्ज्याङ कट्दा आफूलाई भाग्यमानी ठान्ने गर्दछन्। अन्नपूर्ण पदमार्ग विश्वका १० उत्कृष्ट गन्तव्यमध्ये एक मानिन्छ। पदयात्राका लागि उपयुक्त मौसम सेप्टेम्बरदेखि नोभेम्बरसम्म र फेब्रुअरीदेखि अप्रिलसम्मको दुई समयलाई मानिन्छ।

# नीलगिरि जलविद्युत् आयोजना अन्तिम चरणमा

पोखरापत्र संवाददाता
म्याग्दी, २६ असार

जलविद्युत्को जिल्ला भनेर चिनिने म्याग्दीमा निर्माणाधीन नीलगिरि जलविद्युत्को ८२ प्रतिशत निर्माण सम्पन्न भएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा नीलगिरि जलविद्युत् आयोजनाले निर्माण गर्न लागेको ३८ मेगावाटको नीलगिरि पहिलो र ७१ मेगावाटको नीलगिरि दोस्रो गरी एक सय नौ मेगावाट क्षमताको निलगिरि जलविद्युत् आयोजनाको ८२ प्रतिशत निर्माण पूरा भएको नीलगिरि जलविद्युत् आयोजनाले जनाएको हो। म्याग्दीको नारच्याङमा रु १६ अर्बको लागतमा एक सय नौ मेगावाटका दुई जलविद्युत् आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको आयोजनाका आवासीय इन्जिनियर रत्नबमजन तामाङले जानकारी दिनुभयो। उहाँले दिएको जानकारीअनुसार असार तेस्रो सातासम्म दुवै जलविद्युत् आयोजनाको ८२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। नीलगिरि खोला हाइड्रोपावरले चार वर्षअघि एकैसाथ निजी क्षेत्रको लगानीबाट दुवै आयोजनाको निर्माण सुरु गरेको थियो। यो जिल्लामै ठूलो आयोजना हो। कठिन भूगोलका अक्करे पहाडलाई छिचोलेर आयोजनाका संरचनाहरू निर्माण भएका छन्। आयोजनाका अनुसार दुवै आयोजनाको बाँधस्थल, सुरुङ खन्ने र विद्युत्गृह निर्माण काम सकिएको छ। नीलगिरि पहिलोको दुई हजार मिटर र दोस्रोको चार हजार दुई सय मिटर सुरुङ खन्ने काम सकिएर ढलानको काम थालिएको आयोजनाका आवासीय इन्जिनियर तामाङले जानकारी दिनुभयो। पेनस्टक टनेल खन्ने काम सकिएर पहिलोको आठ सय मिटर र दोस्रोको एक हजार पाँच सय मिटर पेनस्टक पाइप जडानको काम थालिएको तामाङले बताउनुभयो। तामाङका अनुसार नीलगिरि पहिलोको विद्युत् गृहबाट निस्कने पानीलाई बाँध बनाएर नीलगिरि क्यासकेडको सुरुङमा हाल्न मिल्ने गरी संरचना निर्माण गरिएको छ। नीलगिरि पहिलोको हुमखोलामा बाँध र छोटेपामा विद्युत्गृह निर्माण गरिएको छ। क्यासकेडको विद्युत् गृहदेखि नीलगिरि पहिलोको बाँध हुमखोलासम्म १४ किलोमिटर पहुँचमार्ग निर्माण गरिएको छ।

करिब १६ अर्ब लागत अनुमान गरिएका दुवै आयोजना 'रन अफ द रिभर' प्रकृतिका हुन्। नीलगिरिखोलाबाट उत्पादन भएको बिजुली दुई सय २० केभिए क्षमताको दाना सबस्टेसनबाट केन्द्रय ग्रिडमा जोडिने छ। छोटेपा-दोबिल्ला हुँदै दाना सबस्टेसन जोड्ने आठ दशमलव पाँच किलोमिटर दूरीको दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि २४ वटा मध्य २३ वटा टावर निर्माण गरी तार तान्ने काम सकिएको आयोजनाले जनाएको छ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नामः अमृत प्रसाद द्वा**
**ठेगानाः सामाखुशी, काठमाडौं**
**विमा लेख नं.: १३०११५१७९**
**सम्पर्क नं.: ९८५१०२२९०१**

**सम्पर्क :**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/२६

यस कार्यालयबाट मिति ४३९१/०५९/०६० मा कास्की जिल्ला पोखरा १३ कास्कीमा संचालन गर्ने गरि पोखरा १३ कास्की निवासी सान्ता देवी अधिकारीको नाममा दर्ता भएको उद्योग दर्ता नं. ४३९१/०५९/०६० को श्री एकता सः मिल नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/२६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



**Tribhuvan University**
**Institute of Forestry(IOF)**
**Pokhara Campus**
**Pokhara, Nepal**

## Invitation for Bids

**First Publication Date: 2080 Ashad 27**

**Supply and Delivery of Bus Chassis & Complete Body Making for 51 Seater Bus**

1. Office of IOF, Pokhara Campus, Pokhara Kaski invites sealed bids from eligible bidders for the procurement of following items:

| Descriptions | Quantity | Estimated Cost (Including VAT and all other Taxes) |
|---|---|---|
| Bus Chassis & Complete Body Making for 51 Seater Bus of cubic capacity more than 5700 c.c. | One | 7,150,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Office Of IOF, Pokhara Campus, Pokhara Kaski Tel: 0615430469, Mail: info@iofpc.edu.np
3. Bidding documents may be purchased from the above office by eligible bidders on the submission of a written application accompanied by a letter of Authority from suppliers to the address above, along with the copy of company/firm registration certificate and Tax Clearance Certificate valid for F.Y. 2078/079, VAT/PAN Registration Certificate and upon payment of a non-refundable fee of NRs. 3,000/- deposited in the account (account name: Forestry Institute & account number 19200100579572000001) of Nepal Bank Limited, Prithvi Chowk Branch,
4. Sealed Bids must be submitted including the deposit of 2.5% of the bid amount in the form of cash OR bank guarantee of commercial bank to Office of IOF, Pokhara Campus, Pokhara-15, Kaski on or before 12:00 PM (Noon) on 2080 Shrawan 25. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attend at the address above at 14:00 PM on 2080 Shrawan 26.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Details which is not mentioned on notice are followed by Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

**Campus Chief**